जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २७२ २०८० साल जेठ २३ गते मंगलबार (6 June 2023 Tuesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जिल्ला निर्वाचन कार्यालय... ३ पृष्ठमा : 'वातावरण प्रदूषणमा संलग्नलाई ... ३ पृष्ठमाभारतमा रेल दुर्घटना भएको ५१..

## वन तथा वातावरण जोगाउन प्रभातफेरी र वृक्षारोपण




**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

विश्व वातावरण दिवसको अवसरमा सोमबार राजविराजमा प्रभातफेरी तथा वृक्षारोपण लगायतका कार्यक्रमको आयोजना गरिएको छ ।

डिभिजन वन कार्यालय सप्तरी तथा मधेश प्रदेश कृषि विश्वविद्यालयको संयुक्त आयोजनामा विहान प्रभातफेरीको आयोजना गरिएको हो ।

स्थानीय गजेन्द्र चौकबाट निस्केको र्‍याली नगरको विभिन्न भागको परिक्रमा गरी पुनः सोही स्थानमा आएर समापन भएको थियो ।

प्रभातफेरीमा डिभिजन वन कार्यालय सप्तरीका प्रमुख हेमन्त प्रसाद साह, मधेश प्रदेश कृषि विश्वविद्यालयका रजिस्टार डा. भगवान ठाकुर, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षक नरेन्द्र कार्की, वरख गणका गणपती दुर्गा बहादुर थापा, राजविराज नगरपालिकाका स्थास्थ्य शाखा प्रमुख निरन्जन यादव, डिभिजन वन कार्यालयका रेन्जर लक्ष्मण साफीका साथै वनका कर्मचारी, मधेश प्रदेश विश्वविद्यालयका छात्रछात्रा तथा विभिन्न संघ संस्थाका प्रतिनीधीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

प्रभातफेरीमा सहभागीले "रुख रोपी स्वच्छ वातावरण कायम गरौ, निजी जग्गामा वृक्षारोपण गरी वातावरण स्वच्छ र सफा राखौ, प्लास्टिकजन्य प्रदुषण निर्मूल पारौं, वातावरण मैत्री विकल्प प्रयोग गरौं" लगायतका सचेतना मुलक नारा लेखिएको प्लेकार्ड बोकेका थिए ।

वातावरण दिवस कै अवसरमा डिभिजन वन कार्यालय सप्तरीले जिल्ला प्रशासन कार्यालय परिसर तथा जिल्ला स्थित सामुदायिक वनहरुमा समेत विभिन्न जातका हजारौं विरुवा रोपेको छ ।

सो अवसरमा जिल्ला डिभिजन वन कार्यालयका प्रमुख साहले जिल्लामा वन क्षेत्र कम भएकोले खाली रहेको निजी तथा सार्वजनिक जग्गामा समेत वृक्षारोपण गर्न जोड दिए । वन तथा वातारणमा संकट निम्तने खतरा बढ्दै गएकाले विरुवाको महत्व संसारभर बढेको उनको भनाई थियो ।

## बौद्धिक अपाङ्गता भएकाहरुका लागी श्रोत केन्द्र कक्षा संचालन

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

बौद्धिक अपाङ्गता भएका बालबालिकाको सुन्दर भविष्य निर्माणका लागी सोमवारदेखि राजविराजमा श्रोत केन्द्र कक्षा संचालन भएको छ ।

शिक्षाको उज्यालो घामबाट बञ्चित रहेका उनीहरुका लागि कक्षा संचालनमा ल्याइएको हो । जिल्ला मै बौद्धिक अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी यो श्रोत केन्द्र कक्षा पहिलो हो ।

राजविराज वडा नं. ६ स्थित बहिरा बालक स्कुलको परिसरमा खाली अवस्थामा रहेको २ बटा कोठाको प्रयोग गरी कक्षा संचालनमा ल्याइएको छ ।



बौद्धिक अपाङ्गता अभिभावक संघ सप्तरीको पहल तथा राजविराज नगरपालिकाको सहयोगमा संचालनमा ल्याइएको उक्त केन्द्रको एक कार्यक्रमबीच वडा अध्यक्ष शशी चौधरीले उद्घाटन गरेका छन । सो अवसरमा उनले बौद्धिक अपाङ्गता भएका नागरिकलाई सम्मान प्रदान गर्न र आत्मनिर्भर बनाउन यो श्रोत केन्द्रले महत्वपुर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

बौद्धिक अपाङ्गता संघ सप्तरीका अध्यक्ष समाजसेवी जगदिश प्रसाद अर्यालले हाल नगर क्षेत्रका ९ छात्रा सहित १६ जना बौद्धिक अपाङ्गता भएका छात्रछात्रा भर्ना भएको जानकारी दिदै उनीहरुलाई पनि अरु बराबर खान, बाच्न र पठन पाठनका लागी अवसरमा प्रदान गर्न सबैले सहयोग गर्नू पर्नेमा जोड दिए ।

बहुसंख्यक बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु शिक्षा, स्वास्थ्य, रोजगारी र समाजिक सुरक्षाका अधिकार प्राप्तीबाट बञ्चित रहेको चर्चा गर्दै उनले यस्तो व्यक्तीको पनि हक, अधिकार संरक्षण र सम्बर्द्धन गर्न सरोकारवालाको ध्यान जानु पर्ने बताए ।

उक्त श्रोत केन्द्र कक्षामा भर्ना भएका विभिन्न उमेर समुहका विद्यार्थीलाई कम्प्युटर, रेडियो, टिभी, मोबाईल एप्स, चित्र सहित सरल ठूला छापा अक्षर, हावभाव, सांकेतिक भाषा लगायतका प्रविधीबाट पढाइने तयारी गरिएको शिक्षिका आरती मण्डलले बताईन ।

राजविराज नगर क्षेत्र भित्रका बौद्धिक अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी २ वर्ष अघि मधेश प्रदेश सरकारले

*बाँकी तीन पृष्ठमा*

## तिलाठीमा विश्व वातावरण दिवसमा वृक्षारोपण



**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

विश्व वातावरण दिवसको अवसरमा "प्लाष्टिकजन्य प्रदुषण निर्मूल पारौं : वातावरण मैत्री विकल्पको उपयोग गरौं" नाराका साथ सोमबार तिलाठी कोइलाडी गाउँपालिकाद्वारा दुई ठाउँमा वृक्षारोपण गरिएको छ ।

गाउँपालिकाद्वारा वडा नं. १ तिलाठीस्थित सरस्वती मन्दिर प्राङ्गणमा र लक्ष्मीबल्लभ नरसिंह मावि बभनगामाकट्टी विद्यालय प्राङ्गणमा वृक्षारोपण गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, उपाध्यक्ष फुलकुमारी साह, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, वडा अध्यक्षहरु दिनेश्वर मिश्र, रमेश मुखिया, मुनिलाल मुखिया, ललनप्रसाद राउत, रोशन सिंह, हरिनारायण मण्डल र सत्यनारायण यादवले सहभागिता रहेको थियो ।

सो अवसरमा अमला, निम, अशोक, मसला, महगनीलगायतको जातको विरुवा रोपिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

पछिल्लो एक सातादेखि बढ्दै गएको तापक्रमले जनजीवन प्रभावित बनेको बताउँदै गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले वृक्षारोपणले पर्यावरणमा सहयोग पुग्ने र यसलाई सघन रुपमा अगाडि बढाउने योजना

*बाँकी तीन पृष्ठमा*

## मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**घातक विषादीको प्रयोग नगरौं।**

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन्।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ।

त्यसैले,

**कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### यूवाहरु सचेत हुनु आवश्यक

अहिले विभिन्न प्रलोभनमा पारी युवावर्गलाई बर्गल्याउने काम भइरहेको छ। यूवाहरुलाई विकासको कार्यमा सहभागिता जनाउनुपर्नेमा उनीहरुलाई बर्गल्याउने कामप्रति सचेत हुनु आवश्यक छ। युवाहरुमार्फत विकासको काम गर्न उनीहरुको क्षमतालाई विकास गर्नु आवश्यक हुन्छ।

आफ्नो गाउँको विकासमा युवाहरुले स्थानीय निकायसँग समन्वयकारी भूमिका निर्वाह गरी विकासको कार्यमा सहभागिता जनाउनुपर्ने आवश्यक हुन्छ। गाउँको विकासमा युवाहरुले अगुवाई गर्नु वर्तमान अवस्थामा चुनौतिपूर्ण भएपनि युवाहरुले आफ्नो गाउँको सकारात्मक परिवर्तनको लागि जुट्नुपर्ने हुन्छ। यता स्थानीय विकासमा युवाहरुको सहभागिता बढाउने उद्देश्य नीजि तथा गैरसरकारी संस्थाहरु सक्रिय रहेको देखिन्छ।

गाउँको विकासका लागि विभिन्न योजनाहरु मार्फत उनीहरुलाई अग्रसर गर्नु आवश्यक छ। तसर्थ आफ्नो गाउँको विकासका लागि आवश्यक योजनाहरु स्थानिय तहमार्फत पेश गरि प्रोत्साहन गर्न सम्बन्धीत निकायले सहयोग गर्नुपर्छ। अनिमात्र आफ्नो गाउँ ठाउँको विकासका लागि युवाहरु मेरुदण्डको रुपमा खडा हुनेछन्।

# जिल्ला निर्वाचन कार्यालय खारेजीको प्रस्तावप्रति आयोगको ध्यानाकर्षण

**प्रकाश सिलवाल**
काठमाडौँ, २२ जेठ (रासस)।

सङ्घीय संसद्मा प्रस्तुत आगामी आर्थिक बर्ष २०८०/८१ को बजेटमा जिल्ला निर्वाचन कार्यालयलाई खारेज गरी जिल्ला प्रशासन कार्यालयअन्तर्गत निर्वाचन एकाइ रहने प्रस्तावप्रति निर्वाचन आयोगले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

अर्थमन्त्री डा प्रकाशशरण महतबाट यही जेठ १५ गते प्रस्तुत बजेटमा आएको उक्त प्रस्ताव पूर्व परामर्श र तयारीबिना आएको भन्दै आयोगले आपत्ती जनाएको छ। उक्त प्रस्तावले संवैधानिक स्वायत्तता र स्वतन्त्रतामाथि प्रहार गरेको भन्दै आयोगले सोमबार सरकारको ध्यानाकर्षण गराएको हो।

नेपालको संविधानको धारा २४६ को उपधारा (१) मा आयोगले निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने व्यवस्थाबमोजिम मतदाता दर्ता, बाह्य मतदाता दर्ता तथा नामावली अद्यावधिकलगायत कार्य जिल्ला निर्वाचन कार्यालयबाट हुँदै आएको छ। निर्वाचन आयोग ऐन, २०७३ को दफा ३४ ले निर्वाचनमा मतदाता नामावली सङ्कलन गर्ने, अद्यावधिक गर्ने, मतदान गर्ने प्रक्रिया र मतदाताको मताधिकार सम्बन्धमा मतदातालाई जानकारी गराउन आवश्यकता अनुसार मतदाता जागरण कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी आयोगलाई तोकिकामा ती सम्पूर्ण कार्य ७० जिल्ला निर्वाचन कार्यालय र सात प्रदेश निर्वाचन कार्यालयबाट सम्पादन हुँदै आएको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७ माघ २६ गतेको निर्णयानुसार स्वीकृत भएको निर्वाचन आयोगको नयाँ सङ्गठन संरचना र दरबन्दी विवरण अनुसार सात प्रदेशमा प्रदेश निर्वाचन कार्यालय र ७० जिल्लामा जिल्ला निर्वाचन कार्यालय सञ्चालनमा रही यी कार्यालयमा हाल पाँच सय ५३ जनशक्ति कार्यरत छन्।

हाल १९ जिल्लामा निर्वाचनको आफ्नै कार्यालय भवन र आठ जिल्लामा भोगाधिकार प्राप्त सरकारी भवन गरी २७ जिल्लामा आयोगको सरकारी भवन छन्। तीन जिल्लामा निर्वाचन कार्यालयको भवन निर्माण भइरहेको छ, भने १२ जिल्लामा भवन निर्माणका लागि आयोगको आफ्नै जग्गा रहेको र सबै जिल्ला निर्वाचन कार्यालयमा चार पाङ्ग्रे सवारीसाधन रहेको आयोगले जनाएको छ।

यस्तै सबै जिल्ला निर्वाचन कार्यालयमा हालसम्म निर्वाचनमा प्रयोग भएका र पुनः प्रयोग हुने निर्वाचन सामग्री भण्डारण गरी राखिएको छ। यी कार्यालयका लागि वार्षिक रू ३० करोड २१ लाख बजेट खर्च हुँदै आएको छ। बजेटको उक्त प्रस्ताववारे सोमबार आयोगको कान्तिपथस्थित कार्यालयमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, आयोगका प्रमुख निर्वाचन आयुक्त, आयुक्त र दुवै निकायका सचिवसहित उच्चाधिकारीबीच छलफल भएको छ।

छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जिल्ला प्रशासन कार्यालयको मौजुदा कार्यसम्पादन र कार्यबोझले गर्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको अनुभूति भइरहेको सन्दर्भमा आयोगको सम्पूर्ण कार्यको दायित्व जिल्ला प्रशासन कार्यालयमार्फत गराउनुपर्दा यसले थप अस्तव्यस्तता निम्त्याउने बताउनुभयो। यसले निर्वाचन व्यवस्थापनको कार्य प्रभावित हुनसक्ने उहाँको भनाइ थियो।

प्रमुख आयुक्त थपलियाले आयोगले सरकारको कार्यकारी संयन्त्रमार्फत काम गर्ने गराउने कार्यले बालिग मताधिकार र आवधिक निर्वाचनमार्फत जनताको प्रतिस्प्रर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई संस्थागत गर्न क्रमशः अवरोध सिर्जना हुँदै जाने स्पष्ट गर्नुभयो। उहाँले जिल्लास्थित निर्वाचन कार्यालय खारेजीको प्रस्तावले आयोगको संचरना र कार्यशैली एकात्मक शासन प्रणालीको अवधारणा अनुसारको हुन जाने हुँदा सङ्घीय लोकतान्त्रिक शासन प्रणालीअनुसार तीन तहको आवधिक निर्वाचनका लागि नियमित कार्यसम्पादन हुन नसक्ने जनाउँनुभयो।

प्रमुख आयुक्त थपलियाले आयोगले संविधानको मर्म, मूल्य र मान्यता अनुसार स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनसम्बन्धी व्यवस्थापकीय कार्यसम्पादन गर्न सहज नहुने आग्रह गर्नुभयो। साथै जिल्लास्थिति आयोगको संरचना नहुँदा आगामी दिनमा सम्पन्न हुने निर्वाचनमा अन्तर्राष्ट्रिय क्षेत्रबाट नेपालको निर्वाचनको वैधतामाथि प्रश्न चिन्ह उठ्नसक्ने आयोगको भनाइ छ।

पञ्चायतकालीन गृह मन्त्रालयअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा रहेको निर्वाचनसम्बन्धी काम गर्ने शाखाबाट सम्पादन भएकामा निर्वाचन कार्य स्वच्छ र स्वतन्त्र ढङ्गले प्रभावकारी रुपमा सम्पादन हुन नसकेको महसुस गरी आर्थिक वर्ष २०५४/५५ मा पहिलो पटक पूर्वाञ्चलको मोरङ, मध्यमाञ्चलको मकवानपुर, पश्चिमाञ्चलको कास्की, मध्यपश्चिमाञ्चलको बाँके र सुदूरपश्चिमाञ्चलको कैलालीमा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालयको स्थापना गरिएको थियो।

"लोकतन्त्रको आधारलाई संस्थागत र मजबुद बनाइ जनतामा निहीत सार्वभौमसत्ताको समुचित प्रयोग गर्न नागरिक अधिकारको प्रत्याभूति दिने निर्वाचन आयोगका जिल्लास्थित संरचनाको कार्य नियमित रहेको सन्दर्भमा खर्च कटौतीको बहानामा यस्ता संरचनालाई निशाना बनाइनु उचित हुँदैन", प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "संवैधानिक व्यवस्था र कानुनी प्रावधान बमोजिम स्थापना भएका निर्वाचन आयोगका जिल्लास्थित संरचना निर्वाचन आयोगको निर्णय र सिफारिसबिना बजेट वक्तव्यमार्फत खारेज गर्ने प्रस्ताव शक्ति सन्तुलन, नियन्त्रण र शक्ति पृथकीकरणको सिद्धान्त एवं संविधान तथा कानुन प्रतिकूल छ।"

जिल्ला निर्वाचन कार्यालय खारेज भएमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गरी आवधिक रुपमा अन्तिम मतदाता नामावली तयार गर्ने, मतदाता नामावली अभिलेख गरी त्यस्तो नामावली आयोगमा पठाउने र अन्तिम मतदाता नामावली निर्वाचन कार्यालयमार्फत सम्बन्धित स्थानीय तहमा पठाउने कार्य प्रभावित हुनसक्ने आयोगको भनाइ छ।

मतदाताले मतदाता परिचयपत्रको प्रतिलिपिको लागि सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिनुपर्ने र सोको आधारमा आयोगले उक्त परिचयपत्र जिल्ला निर्वाचन कार्यालयमार्फत उपलब्ध गराउने, राष्ट्रियसभा सदस्य निर्वाचनको लागि स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष, प्रमुख/उपप्रमुख पदमा तत्काल कायम रहेका व्यक्तिको अद्यावधिक बिवरण सम्बन्धित जिल्ला निर्वाचन कार्यालयबाट माग गरी अद्यावधिक गर्ने, नियमित रुपमा मतदाता प्रमाणित गरिदिने कार्यसम्पादन गर्ने, निर्वाचित बाहेकका सम्बन्धित उम्मेदवारले पेस गरेको सम्पत्ति विवरण निर्वाचन कार्यालयमा सुरक्षितसाथ राख्ने, मतदानस्थल तथा केन्द्र थपघट गर्नुपर्ने आवश्यकता र औचित्यसहित आयोगमा लेखी पठाउने र मतदानस्थलको नियमित मर्मत-सम्भार र महिला, समावेशी तथा अपाङ्गतामैत्री बनाउन पहल गर्ने कार्य पनि प्रभावित हुने आयोगको भनाइ छ।

निर्वाचनमा भाग लिने राजनीतिक दल वा उम्मेदवारले सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने, निर्वाचनसम्बन्धी सिलबन्दी गरिएका कागजात निर्वाचन अधिकारीको जिम्मामा सुरक्षितसाथ राखिने र सम्मानित अदालत वा अन्य निकायमा कानुन बमोजिम उपलब्ध गराउने र जिल्लास्थित राजनीतिक दलको बिवरण अध्यावधिक गर्ने कार्य पनि प्रभावित हुन सक्ने आयोगले सरकारलाई स्पष्ट पारेको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगले गरेको चिन्ताप्रति उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले आफू पनि गम्भीर रहेको जनाउँदै सो विषयमा प्रधानमन्त्री र अर्थमन्त्रीसँग छलफल गर्ने आश्वासन दिनुभएको थियो।

कार्यक्रममा निर्वाचनसम्बन्धी एकीकृत विधेयक, विगतमा ल्याइएको राजनीतिक दलसम्बन्धी अध्याधेश खारेजीपछि देखिएको समस्या, विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली सङ्कलनका विषयमा पनि छलफल भएको थियो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘वातावरण प्रदूषणमा संलग्नलाई कानुनी दायरामा ल्याउ’

काठमाडौं, २२ जेठ (रासस)।
राष्ट्रिय मानवअधिकार आयोगले वातावरण प्रदूषणमा संलग्न सबैलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन नेपाल सरकारलाई आग्रह गरेको छ। सोमबार विश्व वातावरण दिवसका अवसरमा आयोगले विज्ञप्ति जारी गर्दै स्वच्छ वातावरणीय हक सुनिश्चित गर्न सो आग्रह गरेको हो।

स्वच्छ वातावरणीय अधिकारको सुनिश्चितताका लागि आयोगले विगतमा गरेका सिफारिस एवम् सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको संवैधानिक तथा कानुनी हकको कार्यान्वयनका लागि पनि स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको समन्वयात्मक पहल हुनुपर्ने जनाएको छ।

मानवअधिकारमुखी विकास पद्धतिमा जोड दिन, प्रकृतिको अनियन्त्रित र अवैज्ञानिक दोहन र वातावरण प्रदूषण रोक्ने सम्बन्धमा प्रभावकारी र अर्थपूर्ण कार्यक्रम बनाउन तथा वातावरण प्रदूषणमा संलग्न सबैलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन आयोगले सो विज्ञप्तिमार्फत नेपाल सरकारलाई आग्रह गरेको छ।

यसैगरी आफ्ना उद्योग, व्यवसाय सञ्चालन गर्दा वातावरणमा पर्ने असरबारे सजग हुन आयोगले सम्पूर्ण व्यावसायिक समुदाय र निजी क्षेत्रलाई समेत आग्रह गरेको छ। नेपालमा समय समयमा वायु प्रदूषण, ध्वनि प्रदूषण, डढेलो, वन विनाश, बाढी, पहिरो, तापक्रम वृद्धि, जलवायु परिवर्तनको प्रभाव, पानीको मुहान सुक्ने, प्राकृतिक प्रकोप, विपत्ति, मानवीय क्षति तथा आन्तरिक विस्थापनलगायतका वातावरणीय समस्या देखिँदै आइरहेको आयोगले विज्ञप्तिमार्फत स्मरण गराएको छ।

आयोगद्वारा प्रकाशित विज्ञप्तिमा भनिएको छ, “विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन नहुँदा वातावरण प्रदूषण बढेको छ। प्लास्टिकजन्य सामग्रीको अत्यधिक र अव्यवस्थित प्रयोग, गिट्टी, बालुवा, ढुङ्गाजस्ता प्राकृतिक स्रोतको अनियन्त्रित उत्खनन, चुरे क्षेत्र दोहन, अस्पतालजन्य तथा घरबाट निस्कने फोहरमैलाको अव्यवस्थित विसर्जन, उद्योगजन्य प्रदूषण, अव्यवस्थित सहरीकरण, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नहुनुलगायतका कारण वातावरणीय समस्या देखिएको आयोगको अध्ययनबाट पाइएको छ।”

“वातावरणीय प्रदूषणका कारण विश्वका मानव मात्र नभई जीवजन्तु र वनस्पतिसमेत प्रभावित बन्दै गएको विभिन्न अध्ययनले देखाएका छन्। वातावरणीय समस्याको न्यूनीकरण तथा समाधान गर्ने एवं सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हकको संरक्षण गर्नु तीनै तहका सरकारको दायित्व हुन्छ”, सो विज्ञप्तिमा उल्लेख गरिएको छ।

### बौद्धिक अपाङ्गता ...

बहिरा बालक स्कुल परिसरमा रहेको झण्डै २ कट्ठा जग्गामा डे-केयर आवासिय सुविधा भएको विद्यालय भवन पनि बनाउने सुरु गरेको थियो। तर बजेट अपुग भएपछी सो भवन अहिले पनि अधुरो रहँदा अहिले बहिरा बालक स्कुल कै २ वटा कोठा प्रयोगमा ल्याइ कक्षा संचालनमा ल्याइएको कार्यक्रममा बौद्धिक अपाङ्गताका अभिभावक संघका अध्यक्ष जगदिश प्रसाद अर्यालले जानकारी दिए। उनले अविलम्ब प्रदेश सरकार र स्थानीय सरकारले अपुग बजेटको व्यवस्थापन गरी अधुरो संरचना पुरा गराउन माँग पनि गरे।

कार्यक्रममा मधेश प्रदेश जेष्ठ नागरिक संघका निर्वतमान अध्यक्ष शंकर शारदा, जसपाका केन्द्रीय सदस्य रमिला देवी साह, समावेशी अपाङ्ग संघका अध्यक्ष सतिश चन्द्र झा, बौद्धिक अपाङ्गता अभिभावक संघका उपाध्यक्ष महेश ठाकुर, संघका अधिकृत सरोज खड्गा, वडा नं. ३ का अध्यक्ष अनिल दास लगायतले पनि बोल्दै बौद्धिक अपाङ्गता भएका व्यक्तीहरुलाई कसैले भेदभाव नगरी सहयोग र सम्मानका लागी आ-आफनो स्तरबाट पहल गर्नु पर्नेमा जोड दिएका थिए।

# ‘भैंसी चढेर आउनु परेको’ भन्ने शब्द संसद्को रेकर्डबाट हटाइयो

काठमाडौं, २२ जेठ (रासस)।
प्रतिनिधिसभाको रेकर्डबाट प्रधानमन्त्री भारत भ्रमणबाट भैँसी चढेर आउनु परेको भन्ने शब्द हटाइएको छ। बैठकमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले उक्त शब्द हटाउन सचिवालयका कर्मचारीलाई निर्देशन दिनुभएको हो।

बैठकमा सार्वजनिक महत्वको विषयमा जानकारी दिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आफ्नो भारत भ्रमणका विषयमा सदनलाई जानकारी गराउनुभएको थियो।

प्रधानमन्त्री दाहालको भारत भ्रमणको जानकारीपछि थप प्रष्टीकरण माग गर्ने क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनालले प्रधानमन्त्री भारत भ्रमणबाट फर्किंदा भैँसी चढेर आउनु परेको भन्ने शब्दप्रति अभिव्यक्ति दिएपछि सत्तापक्षका सांसदहरुले नियमापत्ति गरेका थिए।

खनालले भन्नुभएको थियो, “प्रधानमन्त्रीज्यूको भारत भ्रमणका क्रममा हामी चाहन्थ्यौं, उहाँ आफैले हालै उद्घाटन गरेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आउनुहोला, ज्ञदुर्भाग्यवश भैँसी चढेर आउनु परेका कुराहरु आएँ।” त्यसपछि सभामुख घिमिरेले उक्त शब्दावलीलाई संसद्को रेकर्डबाट हटाउन निर्देशन दिनुभएको थियो।

त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरुले पनि प्रधानमन्त्रीले समेत जवाफ दिने क्रममा सो शब्द उच्चरण गरेको भन्दै सो पनि हटाउन माग गर्नुभएको थियो। केही बेरको अवरोधपछि सभामुख घिमिरले भैंसी चढेर आएको भन्ने शब्द जोसुकैले प्रयोग गरेको भए पनि रेकर्डबाट हटाउन रुलिङ गर्नुभएको थियो। त्यसपछि सदन फेरि सञ्चालन भएको छ।

### तिलाठीमा विश्व ...

रहेको बताए।

यस बर्षको लागिसंयुक्त राष्ट्रसंघले *“सोलुशन टु प्लाष्टिक पोलुशन”*नारा तय गरेको छ। विश्व पर्यावरणप्रति वैश्विक स्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७३ देखि दिन विश्व वातावरण दिवस मनाउन शुरु गरिएको हो। संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा जुन ५ तारिखका दिन विश्वब्यापी रुपमा यो दिवस मनाउने गरिएको छ।

यता एक सातादेखि तापक्रममा भएको अत्यधिक बृद्धिका कारण तराई मधेशका केही जिल्लाहरुमा बिद्यालय बन्द गरिएको छ। जल तथा मौसम विज्ञान विभागले सतर्कता तथा सावधानी अपनाउन भनी बुलेटिन नै जारी गरेको छ। अत्यधिक गर्मीका कारण लु लाग्न सक्ने समेत बताइएको छ। गर्मीका कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरु दुख्ने, बान्ता हुने जस्ता जोखिमहरु हुन सक्ने भएकोले सतर्कता तथा सावधानी अपनाउन भनिएको छ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**


## विश्व समाचार

### भारतमा रेल दुर्घटना भएको ५१ घण्टापछि सेवा पुनः सञ्चालनमा

बालासोर, भारत, २२ जेठ (रासस/एएफपी)।
शुक्रबार राति २७५ जनाको मृत्यु हुनेगरी भएको रेल दुर्घटनापछि बालासोरबाट सोमबारदेखि यात्रु र मालबाहक रेलहरू पुनः सेवामा फर्किएको अधिकारीहरूले बताएका छन्।

अधिकारीहरूले भारतमा दशकौंपछि भएको घातक रेल दुर्घटनाको कारण सिग्नल प्रणालीसँग जोडिएको समस्याका कारण भएको बताएका छन्। भारतको पूर्वी राज्य उडिसाको बालासोर नजिकै भएको दुर्घटनामा २७५ जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन्।

अधिकारीहरूले सुरुमा मृत्यु हुनेको सङ्ख्या २८८ रहेको बताएका थिए, तर उडिसा राज्य सरकारले केही शवहरू गलत तरिकाले दुई पटक गणना गरिएको भन्दै मृतकको संशोधित सङ्ख्या २७५ भएको पुष्टि गरेको छ।

एक हजार १७५ घाइतेमध्ये अधिकांश उपचारपछि घर फर्किसकेका छन् भने ३८२ जनाको अस्पतालमा उपचार भइरहेको अधिकारीहरूले आइतबार जानकारी दिएका छन्।

यद्यपि, घाइतेमध्ये केहीको अवस्था अझै पनि गम्भीर रहेको भन्दै मृतकको सङ्ख्या अझै बढ्न सक्ने स्वास्थ्यकर्मीले बताएका छन्। रेल मन्त्रालयले रेल दुर्घटना भएको ५१ घण्टापछि कोइला लोड गरिएको मालबाहक रेल लिकमा गुडेसँगै सेवा पुनः सञ्चालनमा आएको हो। यद्यपि,सबै लिकहरू पूर्ण रूपमा मर्मत गरिएको छ कि छैन भन्नेबारे तत्काल स्पष्ट भएको छैन।सोमबार रेलहरूले एउटा छेउमा लाइनहरू मात्र प्रयोग गरेको देखिएको छ।

### दर्जनौँ छात्रासहित अफगानिस्तानी ८७ जनालाई विष खुवाइएको पुष्टि

सार-ए-पोल, अफगानिस्तान, २२ जेठ (रासस/सिन्ह्वा)।
अफगानिस्तानको एक ग्रामिण क्षेत्रमा दर्जनौं छात्रासहित ८७ जनालाई विष खुवाइएको स्थानीय प्रशासनले जनाएको छ। अफगानिस्तानको उत्तरी सार-ए-पोल प्रान्तको सञ्चारक जिल्लामा आइतबार एक प्राथमिक विद्यालयका दर्जनौं छात्रासहित ८७ जनालाई विष खुवाइएको प्रान्तीय सूचना तथा संस्कृति निर्देशक मुफ्ती अमिर सारिपुलीतले सोमबार जानकारी दिनुभएको हो।

सरिपुलितले भन्नुभयो, “सञ्चारक जिल्लाको काबोद अब क्षेत्रमा रहेको फैजाबाद छात्रा विद्यालयका ७७ जना विद्यार्थी, सात जना शिक्षक, पाँच जना अभिभावक र एक जना कर्मचारीलाई विष खुवाइएको थियो। उनीहरूको अवस्था स्थिर छ।” अधिकारीका अनुसार घटनाबारे अनुसन्धान सुरु गरिएको छ।

यसैबीच एक पीडित छात्राकी आमा महनाजले घटनाको निन्दा गर्दै प्रान्तीय प्रशासनलाई घटनामा संलग्नको पहिचान गरी कानूनको कठघरामा ल्याउन आग्रह गर्नुभएको छ। अर्का विद्यार्थी अली आगा करबलाईका पिताले प्रभावित विद्यार्थीको सङ्ख्या ८० भन्दा बढी रहेको बताउँदै छोरीको शीघ्र स्वास्थ्यलाभको लागि प्रार्थना गरिरहेको बताउनुभयो। गाउँलेका अनुसार आइतबार ८० जना विद्यार्थीसहित ८७ जना एक्कासी बिरामी परेपछि उनीहरूलाई अस्पताल लगिएको थियो। उनीहरूलाई कसरी बिष आक्रमण गरियो भन्नेबारे थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

### अफगानिस्तानलाई एक हजार पाँच सय मेगावाट विद्युत् आवश्यक : तालिबान

काबुल, २२ जेठ (रासस/सिन्ह्वा)।
अफगानिस्तानको वर्तमान् आवश्यकता एक हजार ५०० मेगावाट रहेको तालिबान सरकारको ऊर्जा तथा जल विभागले जनाएको छ। हाल अफगानिस्तानले ७२० मेगावाटसम्म विद्युत् आयात भइरहेको जनाएको छ। विभागका प्रवक्ता हिक्मतुल्लाह मैवन्दीले भन्नुभयो, “सामान्यतया हाम्रो आन्तरिक उत्पादन ५६५ मेगावाट छ। सिङ्गो देशलाई एक हजार ४०० देखि एक हजार ५०० मेगावाट विद्युत् आवश्यक पर्छ।” उहाँका अनुसार देशमा ५०० मेगावाटभन्दा बढी विद्युत् आन्तरिक स्रोतबाट आपूर्ति भइरहेको छ।

अफगानिस्तानमा विशेष गरी बाँध प्रणालीमा आधारित विद्युतले धेरै क्षेत्रमा सेवा पुऱ्याउँदै आएको छ। यहाँका मुख्य विद्युत बाँधहरूमा नागलो, माहिपर, सरोबी, काजाकी, सलमा र दारोन्टा रहेका छन्।सन् २००९ मा लगातारको विद्युत अभावका कारण अमेरिकाले काबुलको थर्मल पावर स्टेसनमा ३४ करोड अमेरिकी डलर लगानी गरेको थियो। तथापि, उच्च ईन्धन मूल्यको कारण स्टेशन नियमित रूपमा प्रयोग गरिएको छैन।

“यो थर्मल पावर स्टेशन सन् २००९ को अन्त्यमा सञ्चालन हुन थालेको थियो। यसको समग्र क्षमता १०५ मेगावाट छ।सामान्यतया हिउँदमा बिजुलीको अभावको चरम समयमा प्रयोग गरिन्छ वा विद्युत लाइनहरू क्षतिग्रस्त भएमा थर्मल पावरको प्रयोग गरिन्छ, स्टेशनका जनरल डाइरेक्टर अहमद वैस सरगान्दले टोलोन्यूजलाई बताउनुभयो।

अफगानिस्तानले प्राकृतिक स्रोत र पानीको ठूलो स्रोत हुँदाहुँदै पनि विद्युत आपूर्तिमा चरम चुनौतीको सामना गरिरहेको छ। यहाँ अधिकांश बिजुली छिमेकी देशहरू, विशेष गरी मध्य एशियाबाट आयात गरिन्छ।

# ट्याक्टरको ठक्करबाट घाइते भएकी महिलाको उपचारका क्रममा मृत्यु, अर्का घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

ट्याक्टरको ठक्करबाट गम्भिर घाइते भएका एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ। त्यस्तै अर्को दुर्घटनामा ट्याक्टरकै ठक्करबाट एक साइकल यात्री घाइते भएका छन् ।

प्रहरीका अनुसार आइतबार सप्तरीको रुपनी गाउँपालिका ६ दुधैला खोलामा सिचाईको काम गर्दै आएको स.१त. ७५८६ नं.को ट्र्याक्टरको ठक्करबाट सोही स्थानमा काम गर्ने स्थानिय ५० वर्षिया कारो देवी सदाको मृत्यु भएको हो ।

ठक्करबाट गम्भिर घाईते भएकी उनलाई राजबिराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा उपचारका लागि भर्ना गरिएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले ट्याक्टर र ट्याक्टर चालक सुनसरीको भोकराहा गाउँपालिका ७ निवासी २८ वर्षका दिपेश कुमार मण्डललाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

यता राजविराज वडा नं. ९ गिता पेट्रोल पम्पस्थित राजविराज रुपनी सडक खण्डमा ट्याक्टरको ठक्करबाट एक साइकलयात्री घाइते भएका छन् ।

राजविराजबाट रुपनी तर्फ जादै गरेको नम्बर नखुलेको ट्रयाक्टरले सोही दिशाबाट साइकलमा जादै गरेका रुपनी गाउँपालिका ५ बसबिट्टी निवासी ५५ वर्षिय बैजुलाल दासलाई ठक्कर दिएको हो ।

ठक्करबाट टाउको र गालामा चोट लागेका उनलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएको छ। ठक्कर दिने ट्याक्टर फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# करेन्ट लागेर बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

सप्तरीको रुपनी गाउँपालिका १ नकटिरायपुरमा तरकारी बारीमा पानी पटाउने क्रममा करेन्ट लागेर एक बृद्धको मृत्यु भएको छ ।

प्रहरीका अनुसार मृत्यु हुनेमा स्थानिय ६० वर्षिय दुर्गा यादव छन् । आफ्नै खेतमा तरकारी बारीमा पानी छर्कने क्रममा मोटरको तार जोड्ने क्रममा उनलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# जसपाको विधान अधिवेशन प्रचारप्रसार उपसमिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालले विधान अधिवेशनका लागि केन्द्रीय प्रचारप्रसार उपसमिति गठन गरिएको छ।

ललितपुरको बालकुमारीस्थित जसपाको केन्द्रीय कार्यालयमा सोमबार बसेको बैठकले विधान अधिवेशनलाई सफल बनाउन राजनीतिक समिति सदस्य अर्जुन थापाको संयोजकत्वमा १६ सदस्यीय केन्द्रीय प्रचारप्रसार उपसमिति गठन गरिएको हो ।

जसपाको राजनीतिक समिति सदस्य न्हुच्छेलाल महर्जनलाई समितिको उपसंयोजकको जिम्मेवारी तोकिएको छ। समिति समस्यमा महेश चौरसिया, सीताराम साह, योगेन्द्रराय यादव, पवन राय, विनोद विश्वकर्मा, सुरेश मण्डल, पासाङ शेर्पा, धनेश्वर साह, अर्जुन लम्साल, दुर्गामणि सुवेदी, ओमकृष्ण श्रेष्ठ, मनिकर कार्की, विश्वासदीप तिगेला, उपेन्द्र साहलाई चयन गरिएको छ।

जसपा नेपालका प्रवक्ता मनिस सुमन र प्रचार विभाग प्रमुख पूर्णबहादुर बस्नेतलाई उपसमितिको आमन्त्रित समस्य राखिएको छ।

जसपाले आगामी असार १०, ११ र १२ गतेका लागि काठमाडौंमा प्रथम विधान अधिवेशन आह्वान गरेको छ। यसअघिको केन्द्रीय समिति बैठकले उक्त विधान अधिवेशनमा पार्टी सम्बद्ध देशैभरिबाट सहभागी हुने सात सय ७८ जना प्रतिनिधिको चयन गरिसकेको छ।

पार्टीले अभ्यासमा ल्याएका विभिन्न सांगठनिक संरचना बारे विधान अधिवेशनले टुंगो लगाउनेछ।

# आगलागिमा तीन लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

राजबिराज नगरपालिका वडा नं. १५ मुसहर्नियामा आइतबार राती आगलागि भएको छ ।

स्थानिय शियालाल मण्डलको टिनको छाना र टाटी बेरा भएको फुसको दुई कोठे घरमा अचानक आगलगी भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घरमा कोही नभएकाले क्षतीको स्रोत नखुलेको तथा घर भित्र रहेको अन्नपात, लताकपडा, भाडाबर्तन र घर समेत गरी अन्दाजी ३ लाख मुल्य बराबरको क्षति भएको छ ।

आगोलाई राजविराज नगरपालिकाको बारुणयन्त्र, प्रहरी र स्थानियबासीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## नेपाल पत्रकार महासंघ

शाखा सप्तरी, राजविराज
Federation of Nepalese Journalist
Saptari, Rajbiraj
फोन नं. : ०३१-५३११६१
e_mail : fnjsaptari78@gmail.com
*facebook page : https://www.facebook.com/fnj.saptari*

मिति : २०८०/२/२२ गते ।

**अत्यन्त जरुरी सूचना**

नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालयले सदस्यता शुद्धिकरण अभियान २०७९ शुरु गरेको हामी सबैलाई अवगत नै छ । यस सम्बन्धी सूचनाहरु केन्द्रीय कार्यालय र शाखाबाट निरन्तर जारी भईरहेकोको छ ।

उक्त अभियान अन्तर्गत पत्रकारिता क्षेत्रमा तीन वर्ष वा त्यो भन्दा धैरै समयदेखि क्रियाशिल नभएका, कुनै राजनीतिक दल वा भातृ संगठनको कुनै पनि तहको बिभाग वा समितिमा रहेका(*प्रेस हेर्ने विभाग वा प्रेस सम्वद्ध संघ-संस्था बाहेक*), मिडिया हाउसको व्यवस्थापक, वजार प्रतिनिधि, प्रशासनमा काम गरिरहेका, जनप्रतिनिधि, निजामती स्थायी कर्मचारी(*सेना, निजामती, प्रहरी, गुप्तचर, सुरक्षाकर्मीसमेत*), अस्थायी, करार, सेवा आयोगहरु मार्फतका सरकारी कर्मचारी, मिडिया संस्थान बाहेकका संस्थानमा कार्यरत कर्मचारी, सरकारी कार्यालयमा करार कर्मचारी, सरकारी तथा गैरसरकारी क्षेत्र, वित्तिय/*सहकारी, बैंक, फाईनान्स*मा पूर्णकालिन जुनसुकै पेशामा आवद्ध भएको वा मुख्य पेशा-व्यवसाय अन्य वनाएर कहिलेकाहिं मात्रै पत्रकारिता गरिरहेका, पत्रकारिता पेशा बाहेकको काममा ६ महिना बढी विदेशमा रहेकाको नवीकरण नगर्ने जनाईसकेको छ ।

तसर्थ सप्तरी शाखामा रहेका यस्ता सदस्यज्यूहरुलाई आउँदो जेठ २४ गतेभित्र सदस्यता स्वेच्छिक रुपमा त्याग्न अन्तिम पटक आग्रह गर्दछौं । यसरी सदस्यता त्याग गर्नेलाई शाखाद्वारा सम्मान गर्ने जानकारीसमेत गराउँदछौं ।

त्यसैले, अन्य पेशामा गएका सदस्यज्यूहरुले स्वेच्छिक रूपमा सदस्यता परित्याग नगर्दा केन्द्रीय कार्यालयको अभिलेखबाटै(*सदस्यता नामावलीबाट*) नाम हटाउने जनाइसकेको हुँदा यसतर्फ गम्भीर बन्न आग्रह गर्दछौं । पत्रकारितामा नरहेका महासंघका वर्तमान केन्द्रीय उपाध्यक्ष र दांगका जिल्ला अध्यक्षसहित मुलुकभरिका सयौं सदस्यहरुको नवीकरण नहुने सिफारिश भईसकेको अवस्थामा यसलाई गम्भिरतापूर्वक बुझ्न जरुरी छ ।

साथै, केन्द्रीय समितिले आउँदो जेठ २५ गतेसम्म २०८० सालको सदस्यता नवीकरण गराइसक्न यसअघि नै सूचना जारी भईसकेको छ । तथापि पनि नवीकरण गराउनेतर्फ साथीहरूको सक्रियता नदेखिएकोले तोकिएको मितिमा आवश्यक कागजातसहित सदस्यता नवीकरण गराउन हुन विनम्र अनुरोध छ ।

**नवीकरणकालागि आवश्यक कागजात**

१. ३ वर्षदेखि क्रियाशिल रहेको प्रमाण खुल्ने प्रकाशित/प्रशारित समाचार सामग्रीको प्रतिलिपि ।
२. कार्यरत संस्थाको परिचय पत्र र नियुक्ती पत्रको प्रतिलिपि ।
३. नवीकरण फारम भरेको हुनुपर्दछ ।

*नोट : नवीकरण फारम यसै साथ संलग्न छ ।*

राम[illegible] विश्वास
सचिव


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८११७२१५२६, ९८१७७८११८७



**गर्मी स ऽ बचबाक लेल सावधानी अपनाओल जाय**
सकभर उज्जर वा फिक्का रङ्गके सुतीक कपडा पहिरु शरीरमे पानिक मात्रा कम नहि होइ एकरा लेल बेरबेर पानि वा झोरगर चिज पिबू । तरबुज, कँकड़ी जँका रसदार फलफूल खाऊ ।
खासक दिनके १२ बजेस ऽ ४ बजेक बीचके समयमे सकभर घरसँ बाहर नहि निकलु । बाहर जाइए परए त ऽ छाता वा टोपी लगाबू ।
सूरुजक किरिणसँ आँइखकें बचेबाक लेल सकभर "सनग्लास"लगाबू । गर्मीके कारण चक्कर लगनाइ, उल्टी होय जँका मन भेनाइ, माथा दुखेनाइ आ थकान लागनाइ जँका समस्या ऐलापर ठण्डा हावादार जगहमे आराम करु । ठीक नहि भेलापर वा बेसी समयधरि असहज महशुस होइत रहलापर चिकित्सकके सम्पर्कमे गेल जाउ ।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*